परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : १०१ पृष्ठ ४ २०८१ माघ १६ गते, बुधबार 29-January, 2025 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।


9854020595
9801620595
कान्तिपुर फ्लेक्स प्रिन्ट
मेनरोड, बर्दिबास, महोत्तरी
हाम्रो सेवाहरू
• फ्लेक्स प्रिन्ट • होर्डिङ्ग बोर्ड • 2D बोर्ड • 3Dबोर्ड
• भिजिटिङ्ग कार्ड • टि-सर्ट प्रिन्ट • स्टाम्प • कप प्रिन्ट
छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।

## टुटेश्वरमा ल्होसारको रमझम



• टक नेपाल

बर्दिवास नगरपालिका -५ स्थित टुटेश्वर फुटवल मैदानमा सोमबार यस भेगका तामाङ समुदायले ल्होसार पर्व धुमधामले मनाएका छन् ।

मञ्जुश्री सम्वतअनुसारको २८६१ औं डुल/सा पुखीं ल्हो सोनाम ल्होसार भब्यतापूर्वक मनाएका हुन् ।

बर्दिवास नगरका ४,५, ८, १० र ११ नं. वडाको आयोजनामा भएको सो ल्होसारमा महोत्सवमा यस भेगका तामाङ समुदायले आफ्नो मौलिक पहिरनमा अर्थपूर्ण सहभागिता जनाएका थिए ।

विशेषगरी सांस्कृतिक कार्यक्रमसहितको वनभोजजस्तो कार्यक्रम आयोजना गरिएको थियो ।

यहाँ सबै जनजाति समुदायले आ-आफ्नो पर्व मनाउने गरेकामा हामीले भने यो पहिलो प्रयास गरेको वडानं. ५ का वडाध्यक्ष काहार मान श्यांङ्वाले बताए । ल्होसारको र माइलोसंगै खाजाको व्यवस्था पनि गरिएको उनले बताए ।




## मधेसको समृद्धि : चुरे संरक्षणमा सबैको चासो





• टक नेपाल

मधेसको समृद्धिका लागि चुरे संरक्षणको अपरिहार्यता भएको विज्ञहरुले औँल्याउनुभएको छ ।

विशिष्टीकृत अनुसन्धान केन्द्र मधेश प्रदेशले बर्दिबासमा आयोजना गरेको नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको कार्यसूचीअनुसारको दुई दिने 'चुरे संरक्षण र विकाससम्बन्धी प्रशिक्षण' कार्यक्रममा चुरे तथा जलाधार विज्ञहरूले चुरेसँग मधेसको आम जीवन पद्धति नै गाँसिएको हुँदा यसको संरक्षणमा सर्वपक्षीय चासोको आवश्यकता विज्ञले औँल्याउनुभएको हो ।

कार्यक्रमको पहिलो दिन सोमबारको सत्रमा मधेश प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष डा सोहनप्रसाद साहले ऊर्जा, खानेपानी, वातावरण र सिँचाइसहितका मधेशका जनताको आम जीवनसँग जोडिएका विषय चुरेसँग अन्योन्याश्रित हुँदा यसको संरक्षण पहिलो प्राथमिकता पर्नुपर्ने स्पष्ट पार्नुभयो । यसका लागि व्यक्ति-व्यक्तिमा चुरे चासो जगाउन आवश्यक रहेको डा. साहले बताउनुभयो ।

यसैगरी, आज सम्पन्न दुई दिने सो प्रशिक्षण कार्यक्रममा विज्ञ डा. नागेन्द्रप्रसाद यादवले चुरे संरक्षणको मुद्दालाई मजबुती साथ उठाउन पहिले समस्याको पहिचान स्पष्ट रुपमा गरिन आवश्यक रहेको औँल्याउनुभयो । चुरेका समस्या दीर्घकालीन समाधान गर्न तीनै तहका सरकार र सम्बद्ध सरोकारवालाले योजनाबद्ध कार्यक्रम बनाएर कार्यान्वयनमा जानुपर्ने डा यादवको सल्लाह छ । चुरे क्षेत्र प्राकृतिक सम्पदाको भण्डार रहेको हुँदा मानव हितमा यिनको उपयोगको स्पष्ट नीति बन्नुपर्ने र सो अनुरुप कार्यान्वयन हुनुपर्नेमा डा. यादवको जोड छ ।

कार्यक्रममा चुरे तथा जलवायु विज्ञ डा. विनोद भट्टले 'चुरे संरक्षणः कसको चासो, कसको जिम्मेवारी' विषय केन्द्रित कार्यपत्र नै प्रस्तुत गरी छलफल चलाउनुभयो । विश्वव्यापी जलवायु परिवर्तनको असरले चुरे वन तथा जलाधार क्षेत्रमा पारेको प्रतिकूल प्रभाव न्यूनीकरण गर्न चुरे संरक्षण र व्यवस्थापनका क्षेत्रमा स्थानीयस्तरमा भएका असल सिकाइका अभ्यासबारे चुरे विज्ञ नागदेव यादवले जानकारीमूलक कार्यपत्र प्रस्तुत गर्नुभयो । यिनमा चुरे शृत्त लामा भएका खोल्सी नियन्त्रण, पानी पुनर्भरणका पोखरी निर्माण, पहिरो नियन्त्रण र वृक्षारोपणसहितका गतिविधिबारे उल्लेख गरिएको छ ।

विज्ञहरुले मधेशमा चुरे संरक्षण विषय प्रायोगिक विज्ञानमा आधारित हुनुपर्नेमा जोड दिएका छन् । कार्यक्रममा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नाष्ट) का सचिव डा रवीन्द्रप्रसाद ढकालले प्रतिष्ठान स्थापनाकालयताका ४४ वर्षमा हासिल गरेका उपलब्धि सोझै जनसम्बन्धित बनेका उल्लेख गर्नुभयो ।

यिनमा ब्रिकेट, सौर्य ऊर्जा, इमेलको प्रयोग, इकोसिस्टम र खाद्यवस्तुको परीक्षण (विकिरण परीक्षण) र मिचाहा वनस्पति व्यवस्थापन मुख्य काम भएका उहाँले बताउनुभयो ।

दुई दिने सो प्रशिक्षण कार्यक्रममा 'चुरे संरक्षण नीति, अवस्था, सवाल र समाधानका उपाय' विषयक कार्यपत्र चुरेविज्ञ डा नागेन्द्रप्रसाद यादवले प्रस्तुत गर्नुभयो । दुई दिने प्रशिक्षण कार्यक्रम विशिष्टीकृत अनुसन्धान केन्द्र मधेश प्रदेशको व्यवस्थापन समितिका अध्यक्ष प्राडा पारसनाथ यादवको अध्यक्षतामा सम्पन्न भएको हो ।

प्रशिक्षणका सहभागीलाई चुरे संरक्षणका असल अभ्यास भएका केही ठाउँको अवलोकन गराइएको छ ।

यिनमा बर्दिबास-१ को पानीखोल्सी व्यवस्थापन र गौशाला-८ कुष्माढीको बगर खेतीको अवलोकन सहभागीले गरेका छन् ।

प्रशिक्षणमा मधेशका आठै जिल्लाका डिभिजन वन कार्यालय र प्रदेशका चारवटा भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्रमुख, विभिन्न जिल्लाका सिँचाइ कुलो संरक्षण समिति र सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीसहित ५० जनाको सहभागिता रहेको आयोजक विशिष्टीकृत अनुसन्धान केन्द्र मधेश प्रदेशले जनाएको छ ।

के तपाई विदेश जाने सोचमा हुनुहुन्छ?
यदि हुनुहुन्छ भने, हामी तपाईंको शहर बर्दिबासमा आइसकेका छौं।

Study Abroad
Preparation Classes
- IELTS / PTE Classes
- Japanese Language Classes
- Korean Language Classes

IELTS | Pearson | PTE
Date Booking

Australia | Canada | UK | USA
New Zealand | Japan | Korea

ग्रेस इन्टरनेशनल, बर्दिबास
सम्पर्क:- 9841133811, 9854088026, 9854088028
स्थान :- औरही रोड, शुभ स्वस्तिक हस्पिटल (पुरानो भवन)

बर्दिवास-खुर्कोट-घुर्मी-ओखलढुङ्गा
टिकट बिक्री केन्द्र
प्रत्येक दिन बिहान ६:३०
बर्दिवास, महोत्तरी

सुनौलो वि. पी. यातायात क. प्रा. लि.
टिकट बुकिङ्को लागि सम्पर्क:
प्रकाश कार्की ९८१९८८३७२० ९८६४१०४०११
उमेश थापा ९८०७६२७२५५ ९८६४०२२३५०
रोहित श्रेष्ठ ९८६१२१२३५२ ९८२७८३०९३३

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

# माछा उत्पादनले दिएको सन्देश

बाराको एउटा गाउँ माछा उत्पादनको नाउँमा प्रख्यात छ। हालको कोल्हबी नगरपालिका वडा नम्बर ५ को रामवनको नाउँको नाम नै फेरिएर 'माछा गाउँ' बनेको छ ।रामवनको नाउँबाट परिचित त्यो गाउँ अहिले माछा गाउँको रुपमा देशभर चर्चा कमाउदैछ। बारा जिल्लामा भने यो गाउँले आफ्नो पहिचान धेरै पहिलेबाट नै बदले को हो।

माछा उत्पादनमा यो हिसावले बारा जिल्लाको योगदानको यसैपनि महत्व बढी छ नै। बारामा माछाबाट राम्रो आम्दानी गर्नेहरुको संख्या पनि उच्च छ। सरकारी तथ्यांकले पनि यो कुरा भन्छ नै। हरियो तरकारीदेखि खाद्यान्न र माछा उत्पादनमा समेत बारा जिल्ला अगाडि नै छ।

त्यसो त बारा अहिले आएर माछामा पहिलो नम्बरमा परेको पनि होइन। करिब बिस वर्षदेखि नै बारामा माछाको उत्पादन राम्रो छ। यहाँका स्थानीयहरुले व्यवसायिक रुपमा नै माछाको उत्पादन गरिरहेका छन् । तरपनि अपेक्षा अनुसार अझै व्यवस्थित हुन सकेको जस्तो देखिदैन । बिशेषगरी माछाको भूरा उत्पादन अनि यसको संरक्षणका सवालमा बाराका कृषकहरुले ज्यादै समस्या झेल्न परिरहेको छ अनि उनीहरुले आफूले पाले का माछा भनेजसरी उत्पादन पनि गर्न सकेका छैनन्।

मौसम प्रतिकुल हुँदा लाखौं मूल्यको माछाको क्षति पनि बाराका कृषकहरुले झेल्न परेको छ ।त्यसैले बारा जिल्लाले कृषि उत्पादनको हिसावले मधेसबाट देशलाई एउटा सन्देश त दिएको छ तर कृषकहरुलाई व्यवस्थित बनाउन सकिएको छैन । सरकारले बाराका माछापालक कृषकहरुको समस्यालाई संवोधन पनि गर्न सकेको देखिदैन ।तीन तहका सरकारले भूरा उत्पादन, बजारीकरणसंगै अनुदानमा अझै व्यापकता दिने हो भने बिदेशिने युवाहरुको समूहले माछापालनमा केन्द्रित भइ अझै थप उत्पादन बृद्धि गर्नसक्ने थियो कि ?

# सामाजिक सञ्जाल सञ्चालन, प्रयोग तथा नियमन गर्नेसम्बन्धी विधेयक संसद्मा



• टक नेपाल

'सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१' संसद्मा दर्ता भएको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आज यो विधेयक राष्ट्रियसभामा दर्ता गरेको हो।

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन कानुन आवश्यक रहेको भन्दै सरकारले विधेयक संसद्मा लगेको मन्त्रालयले जनाएको छ।

सूचना प्रविधि क्षेत्रमा भएको विकाससँगै सामाजिक सञ्जालको प्रयोग बढिरहेकाले यसको प्रयोगलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन कानुन आवश्यक रहेका कारण विधेयक ल्याइएको मन्त्रालयले जनाएको छ । "सामाजिक सञ्जालको सही र व्यवस्थित प्रयोग गरी सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्द्धन गर्न सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार तथा जवाफदेही बनाई सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्ने तथा नियमन गर्ने सम्बन्धमा कानुन निर्माण गर्न आवश्यक छ", राष्ट्रियसभामा दर्ता गरिएको विधेयकमा भनिएको छ।

नयाँ कानुन बनाई कार्यान्वयन भएपश्चात् नेपालमा विद्युतीय स्वरूपमा रहेको सूचना सुरक्षा तथा वैयक्तिक विवरणहरूको गोपनीयताको स्तरमा उल्लेखनीय वृद्धि हुने अपेक्षा गरिएको छ । यस्तै, साइबर सुरक्षाको अवस्थामा सुधार, विद्युतीय शासनको अवधारणा प्रभावकारी रूपमा कार्यान्वयन हुन कानुनी आधार तय हुने र सूचना प्रविधिसम्बन्धी व्यवसाय व्यवस्थित एवं मर्यादित भई यस क्षेत्रमा वैदेशिक लगानी वृद्धि हुने जनाइएको छ।

प्रस्तावित कानुनमा केही महत्वपूर्ण नयाँ विषयहरू समावेश गर्न खोजिएको छ । जसमा सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने कम्पनी, फर्म वा संस्थाले अनुमतिपत्र लिनुपर्ने र अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नुपर्ने सर्तहरूलगायत व्यवस्था गरिएका छन् । यस्तै, सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र सामाजिक सञ्जाल प्रयोगकर्तालाई नियमन गर्ने, प्रयोगकर्ताले पालना गर्नुपर्ने सर्त, द्रुत प्रतिकार्य समूह गठन र सचेतना कार्यक्रम सञ्चालन र सामाजिक सञ्जाल व्यवस्थापनका लागि संस्थागत व्यवस्थालगायत विषयहरू विधेयकले समेटेको छ । सामाजिक सञ्जालको प्रयोगमार्फत हुने कसुर तथा सजाय, अनुसन्धान, अभियोजन, मुद्दा हेर्ने र पुनरावेदन सुन्नेसम्बन्धी प्रावधानहरू पनि विधेयकमा राखिएका छन्।

सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने कम्पनी, फर्म वा संस्थाले अनिवार्य रूपमा अनुमति लिनुपर्नेछ। यस्तो अनुमतिपत्रको अवधि दुई वर्षको हुने विधेयकमा उल्लेख छ। सञ्चालन अनुमति नलिएका प्लेटफर्म सञ्चालनमा रोक लगाउने, सर्तहरू पालना नगर्नेको अनुमति रद्द गर्न सक्नेलगायत विषयहरू पनि विधेयकमा छन् । अनुमति नलिई यस्तो प्लेटफर्म चलाएमा रु २५ लाखसम्म जरिवाना हुनसक्ने विधेयकमा उल्लेख छ। सामाजिक सञ्जाल प्लेटफर्महरूको अनुमतिपत्र जारी गर्ने, नवीकरण, अनुगमन तथा निरीक्षण, अनुमति रद्दलगायतका कार्यहरू सूचना प्रविधि विभागमार्फत हुनेछन्।

सामाजिक सञ्जाल प्रयोग गर्दा कसैको मान प्रतिष्ठामा आँच पुग्ने र होच्याउने नियतले अपमानजनक शब्द, श्रव्यदृष्य, तस्बिरको ट्रोल बनाउने, गाली बेइज्जती वा 'हेट स्पीच' मानिने कार्य गर्न पाउने छैनन्।

कुनै व्यक्ति, समूह वा समुदायविरूद्ध हिंसा वा घृणा फैलाउने वा सामाजिक सद्भाव बिगार्ने प्रकृतिका विषयवस्तु सामाजिक सञ्जालमा पोष्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, रिपोष्ट, ट्याग, ह्यासट्याग, मेन्सनजस्ता कार्यलाई विधेयकले 'हेट स्पीच' का रूपमा परिभाषित गरेको छ।

सामाजिक सञ्जालमा मिथ्या तथा भ्रामक सूचनाको दुष्प्रचार, सूचना तोडमरोड गरी प्रसार नगर्ने विषय पनि विधेयकमा परेको छ। यस्तै, प्रचलित कानुनले निषेध गरेका वस्तुको विज्ञापन तथा कारोबार गर्न नहुने एवं अन्धविश्वास फैलाउने र जनस्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउने विषयवस्तु प्रसार गर्न नहुने उल्लेख छ। गर्न नहुने भनी तोकिएका यी कार्य कुनै प्रयोगकर्ताले गरेमा रु पाँच लाखसम्म जरिवाना गर्नसक्ने प्रावधान पनि विधेयकमा राखिएको छ।

सामाजिक सञ्जालमा कसैले राष्ट्रहित प्रतिकूल हुने कार्य गरेमा त्यस्तो व्यक्तिलाई पाँच वर्षसम्म कैद वा रु पाँच लाखसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था विधेयकमा राखिएको छ । साइबर बुलिङ गरेमा दुई वर्षसम्म कैद वा रु तीन लाखसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्थासमेत विधेयकमा राखिएको छ । 'साइबर बुलिङ' भन्नाले कसैले इन्टरनेट जडान भएको डिजिटल उपकरणको माध्यमबाट सामाजिक सञ्जालको प्रयोग गरी साइबरस्पेसमा गलत वा हानिकारक वाक्य, शब्द, अक्षर, चिन्ह, चित्र, तस्बिर, स्केच, अडियो, भिडियो, सङ्केत वा सन्देश पठाउने, पोष्ट गर्ने, सेयर गर्ने वा सोही कार्यबाट कसैलाई सताउने, तर्साउने, धम्काउने, लज्जित गराउने, अपमान गर्ने, मानमर्दन गर्ने वा अफवाह फैलाउने गरी आवाजको नक्कल गर्नेजस्ता कार्य सम्झनुपर्छ' भनी विधेयकमा परिभाषित गरिएको छ।





# “अवैध उत्खननले कमला नदी संकटमा, पर्यावरण र स्थानीयको जनजीवन जोखिममा”

• विजयकुमार साह

धनुषा जिल्लाको कमला नदीमा विगत तीन महिनादेखि रातिको समयमा तीव्र रूपमा नदीजन्य पदार्थको अवैध उत्खनन भइरहेको छ । केही समयका लागि रोकिएको यो गतिविधि असोज महिनादेखि पुनः सुरु भएको हो।

डोजर, ट्र्याक्टर र अन्य मेसिनको प्रयोग गरेर रातभर नदी दोहन भइरहेकाले नदीको अस्तित्वमात्र होइन समग्र पर्यावरणीय सन्तुलन नै संकटमा परेको स्थानीयको भनाइ छ।

स्थानीयका अनुसार राति १० बजेदेखि बिहान ४ बजेसम्म सयौं ट्र्याक्टर तथा मेसिनहरूको प्रयोग गरेर नदीजन्य पदार्थको अवैध उत्खनन हुने गरेको छ। पूर्वपश्चिम राजमार्गमा पर्ने कमला पुलदेखि उत्तर र कताही सामुदायिक वन क्षेत्र र दक्षिणको बरमझियासम्म यो गतिविधि तीव्र रूपमा जारी रहेको छ। उत्खनन गरिएका सामग्री नजिकैका क्रसर उद्योगहरूमा लगेर प्रशोधन गरिन्छ।

अवैध उत्खनन क्षेत्रदेखि झन्डै १ किलोमिटरको दूरीमा पोर्ताहा प्रहरी चौकी र सव डिभिजन वन कार्यालय छन्। यद्यपि स्थानीयका गुनासोअनुसार यी निकायहरूले कुनै कदम चालेका छैनन्।

खोलामा ट्र्याक्टर तथा मेसिनहरू चलिरहेको आवाज प्रशासनले नसुन्ने कुरै आउँदैन। तर, रोकथामका लागि कुनै प्रयास नभएको स्थानीयको भनाइ छ।

स्थानीय बली शर्माले प्रशासनको उदासीनतामाथि प्रश्न उठाउँदै भने, “नदीको अस्तित्व नोटमा किनबेच भइरहेको छ। यदि समयमै रोक्न ठोस कदम चालिएन भने नदीको अस्तित्व मेट्न सक्छ।” शर्माका अनुसार जनप्रतिनिधिहरूले आगामी निर्वाचनलाई ध्यानमा राख्दै यस्ता गतिविधि रोक्न कुनै चासो देखाएका छैनन्।

अवैध उत्खननबारे व्यापक गुनासो बढेपछि २०८१ मङ्सिर ७ गते जिल्ला समन्वय समिति धनुषाका सभापति राजनन्दन मण्डल, गणेशमान चारनाथ



नगरपालिकाका नगर प्रमुख जितनारायण यादव र इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक जटाशङ्कर यादवले कमला खोलाको अनुगमन गरेका थिए। तर, स्थानीयले यस अनुगमनलाई वास्तविक समाधानभन्दा नाटकका रूपमा लिएका छन्।

अनुगमनका नाममा समस्या ढाकछोप गर्न खोजिएको स्थानीयको आरोप छ। अनुगमनपछि पनि उत्खनन यथावत् रहेकाले यो गतिविधि नियन्त्रण गर्न इच्छाशक्ति र प्रभावकारी कदमको अभाव देखिएको उनीहरुको भनाइ छ।

प्रदेशसभा सदस्य सुनिता यादवले धनुषाका नदीहरूमा भइरहेको अवैध उत्खननबारे प्रदेश सभामा आवाज उठाउनुभएको छ। उनले सभामा प्रश्न गर्दै भने, “के क्रसर माफियालाई नियन्त्रण गर्न यो देशमा कुनै कानुन छैन? माफियाहरूको मनपरी रोक्न तत्काल प्रभावकारी कदम चाल्नुपर्छ ।” उनले सभामुखमार्फत प्रदेश सरकारलाई यसबारे ध्यान दिन आग्रह गर्नुभएको छ।

कमला नदीमाथि भइरहेको अवैध उत्खननले नदीको प्राकृतिक बहावमात्र बिगारिरहेको छैन नदीको जैविक विविधतामा समेत गम्भीर असर पारिरहेको छ। नदीको सतह खस्दै गइरहेको छ जसले भूजल स्तर घटाउने खतरा निम्त्याएको छ। यसले कृषिका लागि निर्भर रहेको पानीको आपूर्ति कम गर्न सक्छ। साथै माटोको कटान बढेकाले तटीय क्षेत्रहरू बगरमा परिणत हुने खतरा छ।

पर्यावरणविद् दीपक चौधरीले यो गतिविधिलाई खतरनाक मान्दै भने, “नदी उत्खननले जैविक विविधता नष्ट गर्नुका साथै भूक्षय बढाउने मात्र हो इन, दीर्घकालीन रूपमा मानिसहरूको जीवनस्तरमा असर पुऱ्याउँछ।”

स्थानीयको निरन्तर दबाबले गर्दा केही सुधारको प्रयास भएको देखिए पनि यो अपर्याप्त छ। केही सचेत नागरि कहरू अवैध उत्खनन रोक्न अभियान चलाउँदै आएका छन्। स्थानीय बली शर्माले भने, “हामी केही व्यक्तिहरू मिलेर अवैध गतिविधि रोक्न प्रयास गरिरहेका छौं। उहाँका अनुसार अवैध उत्खननमा प्रयोग हुने ट्र्याक्टर तथा अन्य साधन रोक्न सामूहिक प्रयास आवश्यक छ। प्रशासनको सहयोगबिना यो कार्य रोक्न चुनौतीपूर्ण हुने देखिन्छ।

गणेशमान चारनाथ नगरपालिकाका नगर प्रमुख जितनारायण यादवले नदीजन्य पदार्थको अवैध उत्खनन रोक्न जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र अन्य सम्बन्धित निकायबाट सहयोग माग गरिएको जानकारी दिनुभएको छ। उहाँले भने, “हामी जनप्रतिनिधिले मात्र चाहेर यस्तो गतिविधि रोक्न कठिन छ। प्रशासनको सक्रियता आवश्यक छ।”

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक जटाशङ्कर यादवले अवैध उत्खनन रोक्न प्रहरी सक्रिय रहेको बताउनुभयो। उहाँले भने, “अवैध उत्खननमा प्रयोग भएका साधन नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पठाउने गरेका छौं। केही दिनअघि मात्र अवैध उत्खनन रोक्न चोर बाटोहरु बन्द गर्ने काम गरेको उनले बताए।

सव डिभिजन वन कार्यालय गोदारका अधिकृत भगलु मण्डलले वन क्षेत्रबाट हुने अवैध उत्खनन रोक्न स्थानीय प्रहरीले सहयोग नगरेको आरोप लगाए। उनले भने, “खोलामा सयौंको सङ्ख्यामा ट्र्याक्टर हुन्छन्। नियन्त्रण गर्न प्रहरीसँग सहयोग माग्दा एक-दुई जना सुरक्षाकर्मी पठाइदिन्छन्। कहिलेकाहीँ त आउँदैनन् पनि।”

कमला नदी अवैध उत्खननविरुद्ध सङ्घर्ष समितिका सचिव कपिल फुयालका अनुसार नदीमा भइरहेको अवैध उत्खननले पर्यावरणीय सन्तुलन र नदीको अस्तित्वमाथि गम्भीर खतरा पैदा गरेको छ। जनप्रतिनिधि र प्रशासनको उदासीनताले अवैध उत्खनन नरोकिएको उहाँले आरोप लगाउनुभयो।

अवैध उत्खननले स्थानीय जनजीवन, पर्यावरणीय सन्तुलन, र प्राकृतिक स्रोतहरूको दीर्घकालीन अस्तित्वमाथि गम्भीर खतरा पैदा गरेको छ।

प्रशासन, जनप्रतिनिधि, र स्थानीय निकायले समयमै ठोस कदम चाल्न नसके यसले विनाशकारी परिणाम निम्त्याउन सक्छ।

स्थानीय स्तरमा दबाब सिर्जना गर्दै प्रदेश सरकारको सक्रिय सहभागिता सुनिश्चित गराउन सके मात्र यो समस्या समाधान हुनसक्छ, फुयालले भने।

विज्ञापनका लागि सम्पर्क गर्नुहोस
विनोद ढुङ्गेल
९८५४०४०५६४
Contact for Advertising
9863321014,9807821014
talknepalnationaldaily@gmail.com

0% ब्याजदरमा आकर्षक मोवाईलहरु
अब अन्त किन?
हाम्रै सहर बर्दिबासको
हर्ष उत्कर्ष ट्रेडर्स
बर्दिबास न.पा.-१४, महोत्तरी
पुरानो शुभ स्वस्तिक हस्पिटलको भवनमा
मो.९८४१५५६५००
नोटः यहाँ S25 ultra Mobile को प्रि.बुकिङ्ग गरेमा आकर्षक गिफ्टको पनि सुविधा छ। ।




सुचना ! सुचना !! सुचना !!!

समाज वचत तथा ऋण सहकारी संस्थाको संचालक समितीको २०८१/०९/०७ को निर्णय अनुसार मिति २०८१/१०/३ गते राखिएको साधारण सभा विशेष कारण बस स्थगित भई यस संस्थाको २२ औं साधारण सभा तपशिलको मिति,समय र स्थानमा हुने भएकोले यसै सुचनालाई आधार मानी सम्पुर्ण शेयर सदस्यलाई उपस्थीतीको लागी अनुरोध गरिन्छ । यस संस्थाले आफ्नो शेयर सदस्यलाई पत्रीका, सामाजीक संजाल र रेडियोमार्फत सुचना दिईएको हुँदा यसै सुचनालाई आधार मानी सम्पुर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थीतीको लागी अनुरोध गरिन्छ ।

तपशील
मितिः २०८१/१०/१६ बुधबार
समय : ११ बजे देखी
स्थानः IRDS, समाज सहकारी अस्पतालको प्राङ्गणमा

गीता अधिकारी
अध्यक्ष
समाज वचत तथा ऋण सहकारी संस्था
बर्दिबास-०१, महोत्तरी
सम्पर्क नं:९८१९८१४४३६,९८४०५२६३८

# नेपाल–भारतसँगको सम्बन्ध सम्मानजनकः प्रदेश प्रमुख भण्डारी

• टक नेपाल

मधेश प्रदेशका प्रदेश प्रमुख सुमित्र सुवेदी भण्डारीले नेपाल भारतको सम्बन्ध धार्मिक, सांस्कृतिक तथा कूटनीतिक रुपमा निक्कै प्रगाढ भएको बताउनुभएको छ।

प्रदेश प्रमुख भण्डारीले भारतको ७६ औँ गणतन्त्र दिवसको अवसरमा वीरगञ्ज स्थित महावाणिज्य दूतावासले वीरगञ्जमा हिजो सोमवार साँझ आयोजना गरेको विशेष समारोहमा बोल्दै सो कुरा बताउनुभएको हो।

उहाँले भारत सरकारले निरन्तर गरिरहेको प्रगतिबाट नेपाल सरकार तथा नेपाली जनता निक्कै खुशी भएको बताउँदै अगामी दिनमा भारत तथा भारतीय जनताको अझै उन्नति तथा प्रगति होस् भन्ने शुभकामना दिनु भयो।

प्रदेश प्रमुख भण्डारीले भारतसँग नेपाल सम्मान जनक सम्बन्धका साथ अगाडी बढ्दै गएकोमा खुशी व्यक्त गर्नुभयो।

मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले भारतको स्वतन्त्रताको आन्दोलनमा धेरै नेपाली जनता तथा नेताको योगदान रहेको बताउँदै भारतमा गणतन्त्र स्थापना भएपछि निरन्तर प्रगतिको पथमा अगाडी बढेको बताउनुभयो।

उहाँले नेपाल भारत बीचको सम्बन्ध बेटी रोटीको मात्र नभईकन वातावरण तथा सांस्कृतिक रुपमा पनि गहिरो रहेको बताउँदै नेपालको विकासमा भारत सरकारले गर्दै आएको सहयोग निक्कै महत्वपूर्ण भएको बताउनुभयो।




भारतको बीरगञ्ज स्थित महावाणिज्य दूतावासका महावाणिज्यदूत मिना सहायले नेपाल भारत बीचको सम्बन्ध निक्कै पुरानो भएको बताउँदै नेपालको विकासमा भारत सरकारले पछिल्लो पटक ऊर्जाको क्षेत्रमा गरेको लगानी महत्वपूर्ण भएको बताउँदै यसले नेपालको आर्थिक विकासमा ठूलो योगदान पुग्ने विश्वास व्यक्त गर्नु भयो । उहाँले नेपालको शिक्षा, स्वास्थ्य तथा पूर्वाधारको क्षेत्रमा भारत सरकारले गर्दै आएको लगानी अगामी दिनमा जारी रहने बताउनुभयो।

७६ औँ गणतन्त्र दिवस समारोहमा मधेश प्रदेशका गृह, सञ्चार तथा कानूनमन्त्री राज कुमार लेखी, शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारी, अर्थमन्त्री सुनिल यादव, ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादव, वन तथा वातावरणमन्त्री त्रिभुवन साह, पूर्व मुख्यमन्त्री लालबाबु राउत, वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंह, जनकपुरधाम उपमहानगर पालिकाका प्रमुख मनोज कुमार साह, मधेश प्रदेश सरकारका प्रमुख सचिव मदन भुजेल, सचिवहरू, नीति तथा योजना आयोगका पदाधिकारीहरू, मधेश प्रदेशका विशिष्ट पदाधिकारी तथा व्यक्तिहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा भारतको राजस्थानका सांस्कृतिक गीत, सङ्गीत तथा नृत्य प्रदर्शन गरिएको थियो।

# छिरेश्वरनाथ नगरपालिकाका १४० परिवारलाई लालपुर्जा वितरण

• विजयकुमार साह

धनुषाको छिरेश्वरनाथ नगर पालिकामा एक सय ४० परिवार लाई गाउँब्लक जग्गाको लालपुर्जा वितरण गरिएको छ।

साबिक सखुवा महेन्द्रनगर गाविस वडा नं. ३ देखि ९ तथा हाल छिरेश्वरनाथ नगरपालिका ३,४ र ६ मा वर्षौंदेखि भोगचलन गर्दै आएका परिवारलाई सो गाउँब्लक जग्गाको लालपुर्जा वितरण गरिएको नगर प्रमुख सुखदेव यादवले बताउनुभयो।

नगर प्रमुख यादवले आफ्नो कार्यकालको सुरुदेखि नै गाउँब्लक जग्गामा वर्षौंदेखि बसोबास गरिरहेकाहरूको लगत सङ्कलन गरी लालपुर्जा वितरण गर्ने अभियान थालिएको जानकारी दिनुभयो । यसले भूमिहीन भएर बसिरहेका बासिन्दाको जीवनमा महत्त्वपूर्ण



परिवर्तन ल्याउने उहाँले विश्वास व्यक्त गर्नुभयो।

यसैगरी, छिरेश्वरनाथ नगर पालिका-६, का वडाध्यक्ष विनोदप्रसाद गुप्ताले पुस्तौदेखि भोगचलन गर्दै आएका गाउँब्लक जमिनका लागि गरिएको सङ्घर्ष र कर्मचारीको मेहनतका कारण यो सफता मिलेको बताउनुभयो।

लालपुर्जा पाएपछि स्थानीयले खुसी व्यक्त गर्दै आफ्नो पुर्ख्यौली जग्गाको कानुनी स्वामित्व प्राप्त भएकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

लालपुर्जा वितरणका अवसर मा भूमि आयोग धनुषाका अध्यक्ष सुरेश कोइराला, नापी कार्यालय धनुषाका कर्मचारी, विभिन्न वडाका जनप्रतिनिधि र स्थानीयको उपस्थिति रहेको थियो।

# बोलबम यात्रा गर्दै भक्तजन



तस्बिरः रासस

महोत्तरीको सदरमुकाम जलेश्वरबाट ३६० किलोमिटर टाढा रहेको भारतको झारखण्ड राज्यको देवघर जिल्लास्थित बाबा बैद्यनाथको पूजाअर्चनाका लागि बोलबम यात्रा गर्दै भक्तजनहरु । यहाँबाट प्रत्येक वर्ष ठूलो सत्यामा भक्तजनहरु बाबाधाम जाने गर्दछन् । भक्तजनहरूले आउँदो श्रीपञ्चमीका दिन दर्शन, पूजा गर्नेछन् ।

## मधेस प्रदेशमै पाइल्सको १ मात्र लेजर सर्जरी

विधिबाट पाइल्स, फिस्टुला, फिसर, पाइलोनाइडल साइनसको उपचार

डा. अफजल मन्सुरी
द्वारा

पोखरा र काठमाण्डौमा विगत लामो समयदेखि हजारौं बिरामीहरुलाई सफल उपचार गरिसक्नु भएका अनुभवी वरिष्ठ डा अफजल मन्सुरी टिमद्वारा जाँच उपचार तथा परामर्श हुने भएकोले समयसै सम्पर्क राखी मौकाको फाइदा उठाउनुहुन अनुरोध गरिन्छ ।



डा. अफजल मन्सुरी
BAMS, IOA, NSU, Dang
CCKAS, AIAA, Ghaziabad (Delhi)
NWCLD of Lasser Theraphy on Benign anorectal disease & vericoseveins
BHU Baransi, India
NAMC No.: 786



मितिः २०८१।१०।१४ र १५ गते
समयः विहान १०:००-५:०० बजेसम्म

बाँझोपन, नि:सन्तान महिला पुरुषको उपचार पनि गरिन्छ ।

लेजर सर्जरी नै किन ?
- भर्ना हुनु नपर्ने
- दुखाई नहुने
- रोग पुनः नदोहोरिने
- सवारी साधन चलाएर घर फर्कन सकिने साथै नियमित काम गर्न सकिने

हाम्रा सेवाहरू
- पायल्स, फिसर, फिस्टुला
- दिसा गर्दा रगत आउँने
- दिसा गर्दा मासु आउने
- दिसा गर्दा दुखाइ हुने
- मलद्वारमा फोका देखिनु
- मलद्वारमा पिप निस्कनु
- मलद्वार चिलाउनु
- मलद्वार सुन्निनु
- कब्जीयत
- हाडजोर्नी, नशा
- यौन समस्या
- छाला रोग आदि

पायल्स, फिसर, फिस्टुला
दिशा घरमा मासु पलाएको, दुख्ने पोल्ने, चिलाउने, रगत बग्ने, दिशा गर्दा मासु बाहिर आउने, दीर्घकालीन कब्जियत, दिशा नखुल्ने, गानोगोला साथै मलद्वार सम्बन्धी सम्पूर्ण समस्या

सम्पर्कः
ग्राण्डी आयुर्वेद प्रोक्टो लेजर क्लिनिक
बर्दिवास-१, बरगाछीटोल, महोत्तरी, 9864070612, 9807647760

## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- Endosocopy/Diode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 24/7 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४–५५०२५५

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, कार्यकारी निर्देशकः ललन मण्डल, प्रवन्धकः बिनोद ढुङ्गेल, सम्पादक : रंजुकुमारी साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com